श्री सर्वोच्च अदालतमा चढाएको

## लिखित जवाफ

सम्बत् २०७७ सालको नं. ---------------------------------------------------MS-००२२(०७७-AP-०३०४)

केपी शर्मा ओली, प्रधानमन्त्री, नेपाल सरकार,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ---------------------------------------------लिखित जवाफ प्रस्तुतकर्ता
प्रत्यर्थी

बिरुद्ध

वरिष्ठ अधिवक्ता डा. कुमार शर्मा आचार्य ------------------------------------------------------------विपक्षी/निवेदक

मुद्दाः- अदालतको अवहेलना ।

विपक्षी निवेदकले म प्रधानमन्त्रीलाई विपक्षी बनाई सम्मानित अदालत समक्ष दिनु भएको सम्बत् २०७७ सालको नं. MS-००२२(०७७-AP-०३०४) को अदालतको अवहेलनाको मुद्दामा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश प्राप्त भएको मितिले ७ दिनभित्र आफै लिखित जवाफ पेश गर्नु होला भन्ने आदेश सहितको सूचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७७।११।२ मा प्राप्त हुन आएकोले म्याद भित्रै देहाय बमोजिम लिखित जवाफ पेश गरेको छु :-

१. सम्मानित सर्वोच्च अदालतमा प्रतिनिधि सभा विघटन विरुद्ध परेका रिट निवेदन विचाराधिन रहेका छन् । उक्त रिट निवेदनमा रिट निवेदक तर्फबाट वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद भण्डारी समेत कानून व्यवसायी रहनु भएको छ । सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले मिति २०७७।१०।९ मा कार्की बैंकेटमा भएको कार्यकर्ताको भेलामा अत्यन्त निन्दायुक्त शब्द प्रयोग गरी अदालत र कानून व्यवसायीलाई हास्यको पात्र बनाई नेपालको संविधानको धारा १२८ को उपधारा (४) बमोजिम अदालत र इजलासको अपमान गर्नु भएको छ । नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२ र २४ ले कानून व्यवसायीले अदालतमा गरेको वहसको विषयलाई संरक्षण प्रदान गरेको छ । अदालतको इजलास भन्नाले पक्ष, न्यायाधीश, कानून व्यवसायी र इजलासमा कार्यरत कानूनकर्मीलाई बुझिन्छ । तसर्थ प्रधानमन्त्रीबाट अदालतमा विचाराधिन मुद्दाका सम्बन्धमा असोभनीय शब्द प्रयोग गरी अदालत र इजलासको अवहेलना भएकोले अदालतको अवहेलनामा कारवाही चलाई सजाय गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन दावी रहेछ ।

२. मेरो सम्मानित अदालतप्रति उच्च सम्मान रहेको छ । न्यायपालिकाको स्वतन्त्रता र कानूनको शासन लोकतन्त्रका प्रमुख आधारस्तम्भ हुन । हाम्रो संवैधानिक प्रणाली शक्ति पृथकीकरण एवं नियन्त्रण तथा सन्तुलनको सिद्धान्तमा आधारित छ । लोकतन्त्र, विधिको शासन तथा स्वतन्त्र न्यायपालिकाको लागि पाँच दशकभन्दा लामो समयदेखि संघर्ष गरेको मैले न्यायपालिकाको सम्मान कम हुने कार्य गरें भनी कल्पना गर्नु समेत दूराग्रहपूर्ण छ । अदालतबाट भएका फैसला तथा आदेशको म तथा मैले नेतृत्व गरेको सरकारबाट सदैव सम्मान र कार्यान्वयन भइरहेको छ। सर्वोच्च अदालतले गरेका संविधान र कानूनको व्याख्या पूर्णतः पालना र कार्यान्वयन भएका छन् ।

Scanned with CamScanner

सम्मानित अदालतबाट न्याय सम्पादनको क्रममा हुने काम कारवाहीमा कुनै अवरोध गरिएको छैन। कुनै फैसला वा आदेशको अवज्ञा गरिएको भन्ने दावी निवेदकले लिन सकेको अवस्था छैन।

३. नेपालको संविधानको धारा १२८ को उपधारा (४) बमोजिम न्याय सम्पादनमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा मात्र सम्मानित अदालतबाट अदालतको अवहेलनामा कारवाही हुने हो । निवेदन दावीमा मबाट न्याय सम्पादनमा अवरोध गरेको वा अदालतको आदेशको अवज्ञा गरेको भन्ने उल्लेखसम्म छैन । मैले मिति २०७७।१०।९ मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को कार्यकर्ता भेलामा सम्मानित सर्वोच्च अदालतमा मैले पेश गरेको लिखित जवाफ सम्बन्धमा आफ्नो भनाई राखेको हुँ र त्यसमा बोलिएका केही शब्द तथा वाक्य उल्लेख गरी पूरा शब्द तथा वाक्यलाई नहेरी मुद्दा चलाउन पाईन्छ कि भनी मनपरी ढङ्गले बीच बीचबाट शब्द निकाली फुलबुट्टा भरी प्रस्तुत निवेदन गरेको देखिन्छ । तसर्थ निवेदन दावी नै दुषित छ । कुनै पनि वक्ताको पूरा वक्तव्यलाई आधार बनाई त्यसको शब्द वा आशयको अर्थ निकाल्नु पर्छ । आफू अनुकूल शब्द वा वाक्यको अर्थ मात्र लगाउन खोजेमा त्यसबाट वक्ताको वक्तव्यको वास्तविक आशय फेला पर्दैन। वास्तविक आशय फेला नपारी आफूखुसी अर्थ लगाई दायर निवेदन न्याय प्राप्तिको उद्देश्यको लागि नभै अन्य आशयबाट प्रेरित भएको स्पष्ट हुन्छ।

४. न्याय प्रशासन ऐन, २०७३ को दफा २ को खण्ड (क) ले अदालत भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई सम्झनु पर्छ भनी परिभाषा गरेको छ । कानून व्यवसाय अर्थात वकालत पेशा एउटा स्वतन्त्र तथा मर्यादित पेशा भएको र अदालतको काम कारवाहीमा कानून व्यवसायीको आवश्यकता अनिवार्य जस्तै मानिन्छ। आफ्नो पेशाको मर्यादा राख्ने कार्य गर्नु स्वयं कानून व्यवसायीको नै कर्तव्य हो । नेपालको संविधानको धारा २० को उपधारा (२) को स्पष्टीकरणमा "कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्ने" गरी कानून व्यवसायीको परिभाषा गरिएको छ । कानून व्यवसायीका सम्बन्धमा छुट्टै विशेष कानून अर्थात नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० कार्यान्वयनमा रहेको छ । स्वतन्त्र पेशाको रुपमा रहेको कानून व्यवसायीबाट अदालतमा हुने बहस पैरवी तथा न्याय सम्पादनमा कुनै बाधा अवरोध मबाट कहिल्यै भएको छैन र हुने पनि छैन । निवेदकले अप्रासाङ्गिक विषय जोडी अदालतको अवहेलना भएको भनी दायर निवेदन कानून सम्मत छैन ।

५. म पाँच दशकदेखि विधिको शासन, शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, समतामुलक समाजको पक्षमा उभिदै चौध वर्ष जेलमा बसेको व्यक्ति हुँ । म सत्यसंग नलड्ने र शक्तिसंग नझुक्ने सिद्धान्तमा अडिग छु । पहिलो संविधान सभाको कार्यकालमा म संविधान सभाको सदस्य थिइन तथापि उक्त संविधान सभामा गठित संविधान र कानूनको व्यवस्था सम्बन्धी तत्कालीन न्यायिक समितिबाट अदालत तथा न्यायपालिकाको स्वतन्त्रताको हनन् हुने गरी बहुमतको नाममा हुन गएको निर्णयप्रति आफ्नो तहबाट सशक्त विरोध गरी सम्मानित अदालतको स्वतन्त्रता तथा न्यायिक निष्पक्षता तथा विधिको शासन कायम राख्नु पर्छ भन्ने पक्षमा पहल गरेको थिए । म पदमा हुँदा वा नहुँदा न्यायपालिकाको स्वतन्त्रता र गरिमाको पक्षमा दृढताका साथ उभिई रहेको छु र रहनेछु । दोस्रो संविधान सभामा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट उक्त राजनीतिक दलको संसदीय दलको नेताको हैसियतले सम्मानित सर्वोच्च अदालत, अरु अदालत तथा न्यायीक अंगलाई स्वतन्त्र, निष्पक्ष, सक्षम बनाई स्वतन्त्र न्यायपालिकाको संरक्षण गर्न सकिएमा मात्र हाम्रो लोकतन्त्र सफल हुने विश्वासका साथ सोका लागि महत्वपूर्ण र प्रभावकारी भूमिका निर्वाह गरेको हुँ । अदालतको अवहेलना गर्ने, अवहेलनाजन्य अभिव्यक्ति दिने कुनै कार्य मबाट भएको थिएन, छैन र हुने छैन भन्ने सम्बन्धमा सम्मानित अदालत समक्ष स्पष्ट पार्न चाहान्छु। न्यायपालिकाको स्वतन्त्रता, विधिको शासनको पक्षमा दशकौ लडी संवैधानिक विधि र कानूनी प्रक्रियाबाटै मुलुकको प्रधानमन्त्रीमा निर्वाचित भई कार्य गरिरहेको राजनीतिक व्यक्तिबाट अदालतको अवहेलना हुने कार्य भएको भनी दायर निवेदन नै अनुचित तथा पूर्वाग्रहपूर्ण छ ।

६. निवेदकले संविधान र कानून विपरीत अदालत र इजलासमा पक्ष, न्यायाधीश, कानूनव्यवसायी र इजलासमा कार्यरत कानूनकर्मीलाई अपमान गरेको भनी गर्नु भएको विषय समेत तथ्यमा आधारित छैन । मैले राजनीतिक कार्यक्रममा

Scanned with CamScanner

आफ्ना विचार व्यक्त गर्दा सम्मानित अदालत, सम्माननीय प्रधानन्यायाधीश, माननीय न्यायाधीशहरु तथा अदालतमा न्याय सम्पादनको लागि कार्यरत कर्मचारी एवं कानून व्यवसायीप्रति कुनै लाञ्छना लगाएको छैन । मेरो सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भई मिति २०७८ वैशाख १७ र २७ मा आम निर्वाचन हुने गरी मिति तोकिईसकेको अवस्थामा प्रतिनिधि सभाको विघटन विरुद्ध सम्मानित अदालतमा रिट नं. ०७७-WC-००३१ सहित १३ वटा निवेदन दायर भएकोमा १० वटा निवेदनमा मलाई प्रत्यर्थी कायम गरिएको अवस्था छ । यस सम्बन्धमा मेरा नाममा म्याद तामेल भई मैले आफूले भन्नु पर्ने व्यहोरा लिखित जवाफमा भनिसकेको छु । सम्मानित अदालतमा मैले पेश गरेको लिखित जवाफमा उल्लेख भएका विषयका सम्बन्धमा सार्वजनिक रुपमा जानकारी गराउने र त्यसका पक्षमा विचार अभिव्यक्ति दिनु स्वाभाविक हो । मैले सम्मानित अदालतबाट हुने न्याय सम्पादनका कार्यलाई असर गर्ने गरी कुनै कार्य गरेको छैन। सम्मानित अदालतबाट हुने कार्यका विषयमा अन्य केही व्यक्तिहरुले सार्वजनिक रुपमा अभिव्यक्ति दिएजस्तो यो यस्तो हुन पर्छ नभए आन्दोलन गर्छु, कसैलाई कारवाही गर्छु जस्ता दवावमूलक र निन्दनीय शब्द प्रयोग गरेको छैन । स्वतन्त्र न्यायपालिकाप्रतिको विश्वासले मलाई त्यसो गर्न दिदैन।

७. रिट निवेदकले हुँदै नभएको विषय र अप्रासाङ्गिक कानूनी व्यवस्था उल्लेख गरी अदालतलाई भ्रमित गर्ने गरी रिट निवेदन पेश गरेको स्पष्ट देखिन्छ । नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२ र दफा २४ को अवस्था के कसरी आकर्षित भयो कही कतै उल्लेखसम्म नगरी सो कानूनको उल्लेख गरिएको छ । यस्ता तथ्यहीन र केवल चर्चामा आउने उद्देश्यले दायर गरिने निवेदनले देशको कार्यकारी प्रमुखको समय खेर जाने मात्र होइन सम्मानित अदालतको अमूल्य समय समेत खेर जान्छ । नागरिकका हक अधिकारसंग जोडिएका अन्य मुद्दामा खर्चिनु पर्ने सम्मानित अदालतको समय र स्रोत यस्ता मुद्दामा खर्च हुन जाँदा न्याय सम्पादनमा प्रतिकूल प्रभाव पार्दछ ।

८. मलाई विपक्षी बनाई दायर भएका मुद्दामा लिखित जवाफ प्रस्तुतकर्ताले मैले मुद्दा जित्छु, मैले मुद्दा जित्ने आधार यस्ता छन् भन्न नपाउने हुँदैन, यो स्वाभाविक मानिन्छ । मुद्दामा वहस गर्ने विद्धान कानून व्यवसायीबाट समेत सोही आत्मविश्वासका साथ वहस हुने हो, त्यसैले कुनै मुद्दाको पक्षले मुद्दाको सम्बन्धमा व्यक्त गरेको कुरालाई अदालतको अवहेलनाको विषय बनाउन मिल्दैन । मैले कुनै खास कानून व्यवसायीको नाम लिएर न कुनै वक्तव्य दिएको छु नत कुनै कानून व्यवसायीलाई वहस नगर्न वा न्याय सम्पादनमा अवरोध गरेको छु । मैले जहिले पनि आदरार्थी भाषाको प्रयोग गरेको छु । प्रस्तुत मुद्दाको कुनै प्रयोजन नदेखिंदा मबाट अदालतको अवहेलना भएको भन्ने दावी नै अनुचित र खारेजभागी छ ।

९. अतः माथि उल्लिखित बुँदा प्रमाणको आधारमा प्रस्तुत निवेदन खारेज गरी पाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु ।

१०. मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकील तथा अन्य कानून व्यवसायीको बहस जिकीर समेतलाई यस लिखित जवाफको अभिन्न अंग मानी पाउँ।

लिखित जवाफ प्रस्तुतकर्ता

(केपी शर्मा ओली)

प्रधानमन्त्री

इति सम्वत् २०७७ साल फागुन महिना ६ गते रोज ५ शुभम् ।

Scanned with CamScanner

श्री सर्वोच्च अदालतमा चढाएको

<u>लिखित जवाफ</u>

सम्बत् २०७७ सालको नं. ------------------------------------------------------------------------MS-००२०(०७७-AP-०३०५)

केपी शर्मा ओली, प्रधानमन्त्री, नेपाल सरकार,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -------------------------------------------------<u>लिखित जवाफ प्रस्तुतकर्ता</u>

प्रत्यर्थी

<u>विरुद्ध</u>

भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नं ४ बस्ने वर्ष ४६ को

अधिवक्ता कञ्चनकृष्ण न्यौपाने -----------------------------------------------------------------<u>विपक्षी/निवेदक</u>

<u>मुद्दाः- अदालतको अवहेलना</u> ।

विपक्षी निवेदकले म प्रधानमन्त्रीलाई विपक्षी बनाई सम्मानित अदालत समक्ष दिनु भएको सम्बत् २०७७ सालको नं. MS-००२०(०७७-AP-०३०५) को अदालतको अवहेलनाको मुद्दामा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश प्राप्त भएको मितिले ७ दिनभित्र आफै लिखित जवाफ पेश गर्नु होला भन्ने आदेश सहितको सूचना प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७७।११।२ मा प्राप्त हुन आएकोले म्याद भित्रै देहाय बमोजिम लिखित जवाफ पेश गरेको छु :

१. सम्मानित सर्वोच्च अदालतमा निवेदकबाट दायर भएको ०७७-WC-००३१ सहित १३ थान मुद्दा विचाराधिन भएको अवस्थामा प्रधानमन्त्री केपी शर्मा ओलीले मिति २०७७।१०।९ मा कार्की बैंकेटमा अदालतमा बहस गर्ने वकीललाई बाजे तथा बहसलाई तमासा जस्ता शब्द प्रयोग गरी संविधान र कानून विपरीत अदालत र इजलास, पक्ष, न्यायाधीश, कानून व्यवसायी र इजलासमा कार्यरत कानूनकर्मीलाई अपमान गर्नु भएको छ । प्रधानमन्त्रीबाट प्रयोग भएका भाषा एवं बोली व्यवहारले अदालतको अवहेलना भएकोले कारवाही चलाई सजाय गरी पाउँ भन्ने समेत व्यहोराको निवेदन दावी रहेछ ।

२. मेरो सम्मानित अदालतप्रति उच्च सम्मान रहेको छ । न्यायपालिकाको स्वतन्त्रता र कानूनको शासन लोकतन्त्रका प्रमुख आधारस्तम्भ हुन । हाम्रो संवैधानिक प्रणाली शक्ति पृथकीकरण एवं नियन्त्रण तथा सन्तुलनको सिद्धान्तमा आधारित छ । लोकतन्त्र, विधिको शासन तथा स्वतन्त्र न्यायपालिकाको लागि पाँच दशकभन्दा लामो समयदेखि संघर्ष गरेको मैले न्यायपालिकाको सम्मान कम हुने कार्य गरें भनी कल्पना गर्नु समेत दूराग्रहपूर्ण छ । अदालतबाट भएका फैसला तथा आदेशको म तथा मैले नेतृत्व गरेको सरकारबाट सदैवं सम्मान र कार्यान्वयन भइरहेको छ। सर्वोच्च अदालतले गरेका संविधान र कानूनको व्याख्या पूर्णतः पालना र कार्यान्वयन भएका छन् । सम्मानित अदालतबाट न्याय सम्पादनको क्रममा हुने काम कारवाहीमा कुनै अवरोध गरिएको छैन। कुनै फैसला वा आदेशको अवज्ञा गरिएको भन्ने दावी निवेदकले लिन सकेको अवस्था छैन।

३. नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक तथा धारा २० ले न्याय सम्बन्धी हकको प्रत्याभूति गरेको छ । उक्त हकहरुको सम्मान गर्दै प्रत्येक नागरिकले मौलिक हकको कार्यान्वयन गर्न, कानूनले प्रदान गरेको अधिकारको पालना गर्न कुनै बन्देज लगाइएको अवस्था छैन । तसर्थ संविधानद्वारा प्रदत्त मौलिक हकमा अतिक्रमण हुने गरी अभिव्यक्ति दिइएको भन्ने दावी निराधार

Scanned with CamScanner

तथा असान्दर्भिक छ । सस्तो लोकप्रियताका लागि प्रधानमन्त्रीलाई प्रत्यर्थी कायम गरी मुद्दा गर्ने जुन आम प्रचलन देखिन्छ त्यसमा भने नियन्त्रण हुन जरुरी देखिन्छ । हुँदै नभएको वा एक अर्थमा बोलेको कुरा वा शब्दलाई अर्को अर्थ लगाई, बङ्ग्याई अदालतको अवहेलना जस्तो व्यक्तिगत दायित्वको मुद्दा दायर गर्नु आफैमा अत्यन्त आपत्तिजनक छ।

४. नेपालको संविधानको धारा १२८ को उपधारा (४) बमोजिम न्याय सम्पादनमा अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा मात्र सम्मानित अदालतबाट अदालतको अवहेलनामा कारवाही हुने हो । निवेदन दावीमा मबाट न्याय सम्पादनमा अवरोध गरेको वा अदालतको आदेशको अवज्ञा गरेको भन्ने उल्लेखसम्म छैन । मैले मिति २०७७।१०।९ मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को कार्यकर्ता भेलामा सम्मानित सर्वोच्च अदालतमा मैले पेश गरेको लिखित जवाफ सम्बन्धमा आफ्नो भनाई राखेको हुँ र त्यसमा बोलिएका केही शब्द तथा वाक्य उल्लेख गरी पूरा शब्द तथा वाक्यलाई नहेरी मुद्दा चलाउन पाईन्छ कि भनी मनपरी ढङ्गले बीच बीचबाट शब्द निकाली फुलबुट्टा भरी प्रस्तुत निवेदन गरेको देखिन्छ । तसर्थ निवेदन दावी नै दुषित छ । कुनै पनि वक्ताको पूरा वक्तव्यलाई आधार बनाई त्यसको शब्द वा आशयको अर्थ निकाल्नु पर्छ । आफू अनुकूल शब्द वा वाक्यको अर्थ मात्र लगाउन खोजेमा त्यसबाट वक्ताको वक्तव्यको वास्तविक आशय फेला पर्दैन। वास्तविक आशय फेला नपारी आफूखुसी अर्थ लगाई दायर निवेदन न्याय प्राप्तिको उद्देश्यको लागि नभै अन्य आशयबाट प्रेरित भएको स्पष्ट हुन्छ।

५. न्याय प्रशासन ऐन, २०७३ को दफा २ को खण्ड (क) ले अदालत भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतलाई सम्झनु पर्छ भनी परिभाषा गरेको छ । कानून व्यवसाय अर्थात वकालत पेशा एउटा स्वतन्त्र तथा मर्यादित पेशा भएको र अदालतको काम कारवाहीमा कानून व्यवसायीको आवश्यकता अनिवार्य जस्तै मानिन्छ। आफ्नो पेशाको मर्यादा राख्ने कार्य गर्नु स्वयं कानून व्यवसायीको नै कर्तव्य हो । नेपालको संविधानको धारा २० को उपधारा (२) को स्पष्टीकरणमा "कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्ने" गरी कानून व्यवसायीको परिभाषा गरिएको छ । कानून व्यवसायीका सम्बन्धमा छुट्टै विशेष कानून अर्थात नेपाल कानून व्यवसायी परिषद ऐन, २०५० कार्यान्वयनमा रहेको छ । स्वतन्त्र पेशाको रुपमा रहेको कानून व्यवसायीबाट अदालतमा हुने वहस पैरवी तथा न्याय सम्पादनमा कुनै बाधा अवरोध मबाट कहिल्यै भएको छैन र हुने पनि छैन । निवेदकले अप्रासाङ्गिक विषय जोडी अदालतको अवहेलना भएको भनी दायर निवेदन कानून सम्मत छैन ।

६. म पाँच दशकदेखि विधिको शासन, शक्ति पृथकीकरणको सिद्धान्त, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, समतामुलक समाजको पक्षमा उभिंदै चौध वर्ष जेलमा बसेको व्यक्ति हुँ । म सत्यसंग नलड्ने र शक्तिसंग नझुक्ने सिद्धान्तमा अडिग छु । पहिलो संविधान सभाको कार्यकालमा म संविधान सभाको सदस्य थिइन तथापि उक्त संविधान सभामा गठित संविधान र कानूनको व्यवस्था सम्वन्धी तत्कालीन न्यायिक समितिबाट अदालत तथा न्यायपालिकाको स्वतन्त्रताको हनन् हुने गरी वहुमतको नाममा हुन गएको निर्णयप्रति आफ्नो तहबाट सशक्त बिरोध गरी सम्मानित अदालतको स्वतन्त्रता तथा न्यायिक निष्पक्षता तथा विधिको शासन कायम राख्नु पर्छ भन्ने पक्षमा पहल गरेको थिए । म पदमा हुँदा वा नहुँदा न्यायपालिकाको स्वतन्त्रता र गरिमाको पक्षमा दृढताका साथ उभिई रहेको छु र रहनेछु । दोस्रो संविधान सभामा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट उक्त राजनीतिक दलको संसदीय दलको नेताको हैसियतले सम्मानित सर्वोच्च अदालत, अरु अदालत तथा न्यायिक अंगलाई स्वतन्त्र, निष्पक्ष, सक्षम बनाई स्वतन्त्र न्यायपालिकाको संरक्षण गर्न सकिएमा मात्र हाम्रो लोकतन्त्र सफल हुने विश्वासका साथ सोका लागि महत्वपूर्ण र प्रभावकारी भूमिका निर्वाह गरेको हुँ । अदालतको अवहेलना गर्ने, अवहेलनाजन्य अभिव्यक्ति दिने कुनै कार्य मबाट भएको थिएन, छैन र हुने छैन भन्ने सम्बन्धमा सम्मानित अदालत समक्ष स्पष्ट पार्न चाहान्छु। न्यायपालिकाको स्वतन्त्रता, विधिको शासनको पक्षमा दशकौ लडी संवैधानिक विधि र कानूनी प्रक्रियाबाटै मुलुकको प्रधानमन्त्रीमा निर्वाचित भई कार्य गरिरहेको राजनीतिक व्यक्तिबाट अदालतको अवहेलना हुने कार्य भएको भनी दायर निवेदन नै अनुचित तथा पूर्वाग्रहपूर्ण छ ।

Scanned with CamScanner

७. निवेदकले संविधान र कानून विपरीत अदालत र इजलासमा पक्ष, न्यायाधीश, कानूनव्यवसायी र इजलासमा कार्यरत कानूनकर्मीलाई अपमान गरेको भनी गर्नु भएको विषय समेत तथ्यमा आधारित छैन । मैले राजनीतिक कार्यक्रममा आफ्ना विचार व्यक्त गर्दा सम्मानित अदालत, सम्माननीय प्रधानन्यायाधीश, माननीय न्यायाधीशहरु तथा अदालतमा न्याय सम्पादनको लागि कार्यरत कर्मचारी एवं कानून व्यवसायीप्रति कुनै लाञ्छना लगाएको छैन । मेरो सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भई मिति २०७८ वैशाख १७ र २७ मा आम निर्वाचन हुने गरी मिति तोकिईराखेको अवस्थामा प्रतिनिधि सभाको विघटन विरुद्ध प्रस्तुत निवेदक समेतका निवेदकहरुबाट सम्मानित अदालतमा रिट नं. ०७७-WC-००३१ सहित १३ वटा निवेदन दायर भएकोमा १० वटा निवेदनमा मलाई प्रत्यर्थी कायम गरिएको अवस्था छ । यस सम्बन्धमा मेरा नाममा म्याद तामेल भई मैले आफूले भन्नु पर्ने व्यहोरा लिखित जवाफमा भनिराखेको छु । सम्मानित अदालतमा मैले पेश गरेको लिखित जवाफमा उल्लेख भएका विषयका सम्बन्धमा सार्वजनिक रुपमा जानकारी गराउने र त्यसका पक्षमा विचार अभिव्यक्ति दिनु स्वाभाविक हो । मैले सम्मानित अदालतबाट हुने न्याय सम्पादनका कार्यलाई असर गर्ने गरी कुनै कार्य गरेको छैन। सम्मानित अदालतबाट हुने कार्यका विषयमा अन्य केही व्यक्तिहरुले सार्वजनिक रुपमा अभिव्यक्ति दिएजस्तो यो यस्तो हुन पर्छ नभए आन्दोलन गर्छौं, कसैलाई कारवाही गर्छु जस्ता दवावमूलक र निन्दनीय शब्द प्रयोग गरेको छैन । स्वतन्त्र न्यायपालिकाप्रतिको विश्वासले मलाई त्यसो गर्न दिदैन।

८. रिट निवेदकले हुँदै नभएको विषय र अप्रासाङ्गिक कानूनी व्यवस्था उल्लेख गरी अदालतलाई भ्रमित गर्ने गरी रिट निवेदन पेश गरेको स्पष्ट देखिन्छ । नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२ र दफा २४ को अवस्था के कसरी आकर्षित भयो कही कतै उल्लेखसम्म नगरी सो कानूनको उल्लेख गरिएको छ । यस्ता तथ्यहीन र केवल चर्चामा आउने उद्देश्यले दायर गरिने निवेदनले देशको कार्यकारी प्रमुखको समय खेर जाने मात्र होइन सम्मानित अदालतको अमूल्य समय समेत खेर जान्छ । नागरिकका हक अधिकारसंग जोडिएका अन्य मुद्दामा खर्चिनु पर्ने सम्मानित अदालतको समय र स्रोत यस्ता मुद्दामा खर्च हुन जाँदा न्याय सम्पादनमा प्रतिकूल प्रभाव पर्दछ ।

९. मलाई विपक्षी बनाई दायर भएका मुद्दामा लिखित जवाफ प्रस्तुतकर्ताले मैले मुद्दा जित्छु, मैले मुद्दा जित्ने आधार यस्ता छन् भन्न नपाउने हुँदैन, यो स्वाभाविक मानिन्छ । मुद्दामा वहस गर्ने विद्वान कानून व्यवसायीबाट समेत सोही आत्मविश्वासका साथ वहस हुने हो, त्यसैले कुनै मुद्दाको पक्षले मुद्दाको सम्बन्धमा व्यक्त गरेको कुरालाई अदालतको अवहेलनाको विषय बनाउन मिल्दैन । मैले कुनै खास कानून व्यवसायीको नाम लिएर न कुनै वक्तव्य दिएको छु नत कुनै कानून व्यवसायीलाई वहस नगर्न वा न्याय सम्पादनमा अवरोध गरेको छु । मैले जहिले पनि आदरार्थी भाषाको प्रयोग गरेको छु । प्रस्तुत मुद्दाको कुनै प्रयोजन नदेखिंदा मबाट अदालतको अवहेलना भएको भन्ने दावी नै अनुचित र खारेजभागी छ ।

१०. अतः माथि उल्लिखित बुँदा प्रमाणको आधारमा प्रस्तुत निवेदन खारेज गरी पाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु ।

११. मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकील तथा अन्य कानून व्यवसायीको बहस जिकीर समेतलाई यस लिखित जवाफको अभिन्न अंग मानी पाउँ।

लिखित जवाफ प्रस्तुतकर्ता

(केपी शर्मा ओली)

प्रधानमन्त्री

इति सम्वत् २०७७ साल फागुन महिना ६ गते रोज ५ शुभम ।

Scanned with CamScanner

७. निवेदकले संविधान र कानून विपरीत अदालत र इजलासमा पक्ष, न्यायाधीश, कानूनव्यवसायी र इजलासमा कार्यरत कानूनकर्मीलाई अपमान गरेको भनी गर्नु भएको विषय समेत तथ्यमा आधारित छैन । मैले राजनीतिक कार्यक्रममा आफ्ना बिचार व्यक्त गर्दा सम्मानित अदालत, सम्माननीय प्रधानन्यायाधीश, माननीय न्यायाधीशहरु तथा अदालतमा न्याय सम्पादनको लागि कार्यरत कर्मचारी एवं कानून व्यवसायीप्रति कुनै लाञ्छना लगाएको छैन । मेरो सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७।९।५ मा प्रतिनिधि सभा विघटन भई मिति २०७८ वैशाख १७ र २७ मा आम निर्वाचन हुने गरी मिति तोकिईसकेको अवस्थामा प्रतिनिधि सभाको विघटन विरुद्ध प्रस्तुत निवेदक समेतका निवेदकहरुबाट सम्मानित अदालतमा रिट नं. ०७७-WC-००३१ सहित १३ वटा निवेदन दायर भएकोमा १० वटा निवेदनमा मलाई प्रत्यर्थी कायम गरिएको अवस्था छ । यस सम्बन्धमा मेरा नाममा म्याद तामेल भई मैले आफूले भन्नु पर्ने व्यहोरा लिखित जवाफमा भनिसकेको छु । सम्मानित अदालतमा मैले पेश गरेको लिखित जवाफमा उल्लेख भएका विषयका सम्बन्धमा सार्वजनिक रुपमा जानकारी गराउने र त्यसका पक्षमा विचार अभिव्यक्ति दिनु स्वाभाविक हो । मैले सम्मानित अदालतबाट हुने न्याय सम्पादनका कार्यलाई असर गर्ने गरी कुनै कार्य गरेको छैन। सम्मानित अदालतबाट हुने कार्यका विषयमा अन्य केही व्यक्तिहरुले सार्वजनिक रुपमा अभिव्यक्ति दिएजस्तो यो यस्तो हुन पर्छ नभए आन्दोलन गर्छु, कसैलाई कारवाही गर्छु जस्ता दवावमूलक र निन्दनीय शव्द प्रयोग गरेको छैन । स्वतन्त्र न्यायपालिकाप्रतिको विश्वासले मलाई त्यसो गर्न दिदैन।

८. रिट निवेदकले हुँदै नभएको विषय र अप्रासाङ्गिक कानूनी व्यवस्था उल्लेख गरी अदालतलाई भ्रमित गर्ने गरी रिट निवेदन पेश गरेको स्पष्ट देखिन्छ । नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२ र दफा २४ को अवस्था के कसरी आकर्षित भयो कही कतै उल्लेखसम्म नगरी सो कानूनको उल्लेख गरिएको छ । यस्ता तथ्यहीन र केवल चर्चामा आउने उद्देश्यले दायर गरिने निवेदनले देशको कार्यकारी प्रमुखको समय खेर जाने मात्र होइन सम्मानित अदालतको अमूल्य समय समेत खेर जान्छ । नागरिकका हक अधिकारसंग जोडिएका अन्य मुद्दामा खर्चिनु पर्ने सम्मानित अदालतको समय र स्रोत यस्ता मुद्दामा खर्च हुन जाँदा न्याय सम्पादनमा प्रतिकूल प्रभाव पर्दछ ।

९. मलाई विपक्षी बनाई दायर भएका मुद्दामा लिखित जवाफ प्रस्तुतकर्ताले मैले मुद्दा जित्छु, मैले मुद्दा जित्ने आधार यस्ता छन् भन्न नपाउने हुँदैन, यो स्वाभाविक मानिन्छ । मुद्दामा वहस गर्ने विद्वान कानून व्यवसायीबाट समेत सोही आत्मविश्वासका साथ वहस हुने हो, त्यसैले कुनै मुद्दाको पक्षले मुद्दाको सम्बन्धमा व्यक्त गरेको कुरालाई अदालतको अवहेलनाको विषय बनाउन मिल्दैन । मैले कुनै खास कानून व्यवसायीको नाम लिएर न कुनै वक्तव्य दिएको छु नत कुनै कानून व्यवसायीलाई वहस नगर्न वा न्याय सम्पादनमा अवरोध गरेको छु । मैले जहिले पनि आदरार्थी भाषाको प्रयोग गरेको छु । प्रस्तुत मुद्दाको कुनै प्रयोजन नदेखिंदा मबाट अदालतको अवहेलना भएको भन्ने दावी नै अनुचित र खारेजभागी छ ।

१०. अतः माथि उल्लिखित बुँदा प्रमाणको आधारमा प्रस्तुत निवेदन खारेज गरी पाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु ।

११. मुद्दाको सुनुवाईको क्रममा उपस्थित हुनु हुने सरकारी वकील तथा अन्य कानून व्यवसायीको बहस जिकीर समेतलाई यस लिखित जवाफको अभिन्न अंग मानी पाउँ।

<u>लिखित जवाफ प्रस्तुतकर्ता</u>

(केपी शर्मा ओली)

प्रधानमन्त्री

**इति सम्बत् २०७७ साल फागुन महिना ६ गते रोज ५ शुभम् ।**

Scanned with CamScanner